# समाचारपत्र–अक्टूबर २०२३

# नेपालमा भारतका झलकहरु

नेपाल-भारत सहयोग
NEPAL-INDIA COOPERATION

## नेपाल राष्ट्रिय क्रिकेट टिमलाई क्रिकेट सामग्री हस्तान्तरण कार्यक्रम





भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० कार्तिक ९ गते आयोजना गरेको एक कार्यक्रममा नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले नेपाली क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेललाई व्यावसायिक क्रिकेट सामग्री हस्तान्तरण गर्नुभयो । नेपाल क्रिकेट संघ (क्यान) ले पनि भारतीय राजदूत श्रीवास्तवलाई नेपाल क्रिकेट टोलीले हस्ताक्षर गरेको जर्सी उपहारस्वरुप प्रदान गरेको थियो । उक्त कार्यक्रममा नेपाल क्रिकेट संघका अध्यक्ष श्री चतुरबहादुर चन्द र संघका सचिव श्री पारस खड्का उपस्थित हुनुहुन्थ्यो । नेपाल क्रिकेट संघले भारतीय दूतावासलाई धन्यवाद व्यक्त गर्दै क्रिकेट सामग्रीको हस्तान्तरणले दूतावास र नेपाल क्रिकेट संघबीच सहकार्यको यात्रा सुरु भएको बतायो ।

थप जानकारी...

October 2023 © Embassy of India, Kathmandu.

# हुम्ला जिल्लामा विद्यालय र पुस्तकालय भवनको उद्घाटन तथा हस्तान्तरण










भारत सरकारको आर्थिक सहयोगमा हुम्ला जिल्लाको दुर्गम क्षेत्रमा निर्मित दुईवटा परियोजनाको भारतीय राजदूत श्री नवीन श्रीवास्तव र स्थानीय सरकारी अधिकारीले मिति २०८० आश्विन ३० गते संयुक्त रुपमा उद्घाटन गर्नुभयो । नेपाल–भारत विकास सहकार्य कार्यक्रम अन्तर्गत भारत सरकारको कूल नेरु. ५.५२३ करोड अनुदान सहयोगमा सर्केगाड गाउँपालिकामा निर्माण गरिएको श्री सरस्वती माध्यमिक विद्यालय र चंखेली गाउँपालिकास्थित श्री महादेव माध्यमिक विद्यालयका लागि निर्माण गरिएका प्रयोगशाला र पुस्तकालय भवनलाई विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, नेपाल सरकारका अधिकारी, विद्यालय व्यवस्थापनका प्रतिनिधि, शिक्षक/शिक्षिका, विद्यार्थी एवम् स्थानीय समुदायको उपस्थितिमा हस्तान्तरण गरियो ।

# बालुवाटारस्थित श्री महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन









नेपाल–भारत विकास सहकार्य कार्यक्रम अन्तर्गत भारत सरकारको नेरु १.९२ करोड लागतमा निर्माण गरिएको बालुवाटारस्थित श्री महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयको विद्यालय भवनको भारतीय राजदूतावासका नियोग उप–प्रमुख प्रसन्न श्रीवास्तव र जिल्ला समन्वय समिति, काठमाडौंका प्रमुख श्री सन्तोष बुढाथोकीले मिति २०८० आश्विन २४ गते संयुक्त रुपमा उद्घाटन गरी औपचारिक रुपमा हस्तान्तरण गर्नुभयो । उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, समाजसेवी, नेपाल सरकारका अधिकारी, विद्यालय व्यवस्थापनका प्रतिनिधि, शिक्षक/शिक्षिका, अभिभावक तथा विद्यार्थीको उपस्थिति थियो ।

थप जानकारी...

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

भारत 2023 INDIA

# भारतीय राजदूतावासमा स्वच्छता अभियानको शुभारम्भ







स्वच्छता ही सेवा–२०२३ र 'एक तारिख, एक घन्टा, एक साथ' अभियानको एक हिस्साको रुपमा, दूतावासका सदस्यहरुसँगै राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८० आश्विन १४ गते सरसफाई अभियानको शुभारम्भ गर्नुभयो । राजदूत श्रीवास्तवले सबै अधिकारी एवम् भारतीय दुतावास समुदायका सदस्यहरुलाई स्वच्छता प्रतिज्ञा पनि गराउनुभयो ।

# गाँधी जयन्ती उत्सव




भारतीय दूतावास, काठमाडौंले मिति २०८० आश्विन १५ गते १५४ औं गाँधी जयन्ती मनायो । राजदूत श्री नवीन श्रीवास्तवले महात्मा गाँधीलाई पुष्पगुच्छा अर्पण गर्नुभयो । सो अवसरमा दूतावासस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले महात्मा गाँधीप्रति समर्पित भजन र सांगीतिक रचनाहरु प्रस्तुत गरेको थियो । उक्त कार्यक्रममा नेपाल चर्खा प्रचारक गाँधी तुलसी स्मारक महागुठीका प्रतिनिधि पनि सहभागी भएका थिए ।

October 2023 © Embassy of India, Kathmandu.

# संयुक्त परियोजना अनुगमन समितिको बैठक






भारत सरकारको अनुदान सहयोगमा अघि बढाइएका भूकम्पपछिको पुनर्निर्माण परियोजनाको प्रगतिको समीक्षा गर्न हेतु मिति २०८० आश्विन २० गते चौथो संयुक्त परियोजना अनुगमन समितिको बैठक बस्यो । उक्त बैठकको सहअध्यक्षता भारत सरकार विदेश मन्त्रालयका सहसचिव श्री अनुराग श्रीवास्तव र नेपाल सरकार शहरी विकास मन्त्रालयका सहसचिव श्री पद्म कुमार मैनालीले गरेका थिए । त्यस्तै भारतीय अनुदान सहयोगमा नेपालमा संचालित तराई सडक परियोजना सम्बन्धी पाँचौं संयुक्त परियोजना अनुगमन समितिको बैठक मिति २०८० आश्विन २० गते भारत सरकार विदेश मन्त्रालयका सहसचिव श्री अनुराग श्रीवास्तव र नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव श्री अर्जुन जङ्ग थापाको सहअध्यक्षतामा सम्पन्न भएको थियो ।

# सुरक्षा विषय सम्बन्धी भारत–नेपाल द्विपक्षीय परामर्श समूहको पन्ध्रौं बैठक





सुरक्षा सम्बन्धी भारत–नेपाल द्विपक्षीय परामर्श समूहको पन्ध्रौं बैठक (२०८० आश्विन १८–१९) पोखरामा सम्पन्न भयो । उक्त बैठकमा नेपाल र भारतबीचको रक्षा र सुरक्षा सहकार्यलाई अझ सुदृढ गर्ने विषयमा छलफल भएको थियो ।

थप जानकारी...

# दशैं महोत्सव कार्यक्रम




भारतीय दूतावास, काठमाडौंले मिति २०८० आश्विन २७ गते दशैं महोत्सव मनायो । उक्त कार्यक्रममा नेपाली ब्याण्ड सोनागी ब्लुजले मनै लोभ्याउने सांस्कृतिक प्रस्तुति  र स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका विद्यार्थीले भरतनाट्यम नृत्य प्रस्तुत गरेका थिए । नेपालका विभिन्न क्षेत्रका मानिसहरुले महोत्सवमा सहभागीता जनाएका थिए ।

थप जानकारी...

## लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पा, पिभिएसएम, एभिएसएम,भिएसएम,एड्जुटेन्ट जनरल, को औपचारिक नेपाल भ्रमण







भारत र नेपालबीचको सैन्य सम्बन्धलाई थप अभिवृद्धि गर्न भारतीय सेनाका लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पा,पिभिएसएम,एभिएसएम,भिएसएम,एड्जुटेन्ट जनरल, मिति २०८० कार्तिक १३ गते नेपाल आइपुग्नुभयो । भारत –नेपाल सैन्य सम्बन्धलाई थप गति दिने र दुई सेनाबीचको सम्बन्धलाई अझ बलियो बनाउने विषयमा छलफल गर्न लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पाले नेपाली सेनाका बलाध्यक्ष रथी सीताराम खड्कासँग भेटवार्ता गर्नुभएको थियो । लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पाले भारतीय राजदूतावासमा राजदूत नवीन श्रीवास्तवसँग भेट गर्नुभएको थियो । लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पाले जिल्ला सैनिक बोर्ड बुटवल र इसीएचएस टाइप–ई पोलिक्लिनिक बुटवलको भ्रमण गरी भारतीय सेनाका भूतपूर्व सैनिकहरुसँग कुराकानी गर्नुभएको थियो । वहाँले बुटवलमा गोर्खा मेमोरियलको निर्माणका लागि अनुदान पनि दिनुभयो ।

## आइटेकका भूतपूर्व विद्यार्थीका लागि प्रतिक्रिया एवम् अन्तरक्रिया कार्यक्रम




भारतीय दूतावास, काठमाडौंले सेन्ट स्टीफन्स यंग लिडर्स नेबरहुड फस्ट फेलोशिप २०२३ का आइटेक ऐलुम्नाइका लागि मिति २०८० कार्तिक १ गते प्रतिक्रिया र अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । आइटेकका भूतपूर्व विद्यार्थीले कार्यक्रमबाट सिकेका कुरालाई विशेष गरी नेपालमा आफ्नो पेशामा सदुपयोग गर्न आफ्ना अनुभव र विचार साझा गरेका थिए ।

---

## नेपालमा भारतीय नागरिकका लागि कैलाली जिल्लाको धनगढीमा कन्सुलर क्याम्प



भारतीय राजदूतावास, काठमाडौंले नेपालमा रहेका भारतीय नागरिकका लागि कैलाली जिल्लाको धनगढीमा मिति २०८० आश्विन ३० देखि कार्तिक १ गतेसम्म कन्सुलर क्याम्पको आयोजना गर्यो । धनगढी र आसपासका क्षेत्रमा रहेका झण्डै एक हजार भारतीय नागरिकलाई क्याम्पमा कन्सुलर सेवा प्रदान गरिएको थियो ।

# केही छुटाउनुभयो कि !

## मेरी माटी मेरा देश अभियानको अमृत कलश यात्राको समापन



भारतको स्वतन्त्रताको ७५ वर्ष मनाउन 'मिट्टीको नमन, वीरोका वंदन' ट्यागलाइन सहितको "मेरी माटी मेरा देश" देशव्यापी र जनताले हाकेको जन भागीदारी पहल हो । यो आजादीका अमृत महोत्सव कार्यक्रमको समापन हो । "मेरी माटी मेरा देश" ले राष्ट्रका धेरै उपलब्धिहरुबारे बोल्छ । भारतका प्रधानमन्त्री, श्री नरेन्द्र मोदीले मिति २०८० कार्तिक १४ गते नयाँ दिल्लीको कर्तव्य पथमा "मेरी माटी मेरा देश" अभियानको अमृत कलश यात्राको समापन समारोहमा सहभागीता जनाउनु भएको थियो । सोही कार्यक्रममा आजादीका अमृत महोत्सवको समापन भएको थियो ।

थप जानकारी...

October 2023 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि !

## भारतीय विदेशमन्त्रीको भियतनाम र सिङ्गापुर भ्रमण (मिति २०८० आश्विन २८–कार्तिक ३)




भारतीय विदेशमन्त्री डा. एस. जयशंकरले मिति २०८० आश्विन २८ गतेदेखि कार्तिक ३ गतेसम्म भियतनाम र सिङ्गापुरको औपचारिक भ्रमण गर्नुभएको थियो । समाजवादी गणतन्त्र भियतनामका विदेशमन्त्री महामहिम बुई थान्ह सनको निमन्त्रणामा डा. एस जयशंकरले मिति २०८० आश्विन २८ गतेदेखि कार्तिक १ सम्म भियतनामको औपचारिक भ्रमण गर्नुभएको थियो । भारतीय विदेशमन्त्री डा. एस. जयशंकरले भियतनामका प्रधानमन्त्री महामहिम फाम मिन्ह चिनसँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । भारतीय विदेशमन्त्री डा. एस. जयशंकरले सिङ्गापुरका राष्ट्रपति महामहिम थर्मन शान्मुगरत्नमसँग शिष्टाचार भेटवार्ता गरी हालै सम्पन्न निर्वाचनमा विजयी हासिल गरेकोमा वहाँलाई बधाई पनि दिनुभएको थियो । भारतीय विदेशमन्त्री जयशंकरले उप–प्रधानमन्त्री तथा अर्थमन्त्री महामहिम लरेन्स वङ्गसँग पनि भेटवार्ता गर्नुभएको थियो ।

थप जानकारी...

# केही छुटाउनुभयो कि !

## हाङझाउ एसियाली खेलकुदमा भारतको लागि ऐतिहासिक उपलब्धि




२८ स्वर्ण पदक, ३८ रजत पदक र ४१ कास्य पदक सहित कूल १०७ पदक जिती भारतले जनवादी गणतन्त्र चीनको हाङझाउमा आयोजित १९ औं एसियाली खेलकुदमा नयाँ इतिहास रचेको छ ।

थप जानकारी...

October 2023 © Embassy of India, Kathmandu.

# के तपाइलाई थाहा छ !

## कोझिकोड र ग्वालियर युनेस्कोको रचनात्मक शहरको नेटवर्कको सूचीमा समावेश




कोझिकोड, केरलालाई युनेस्को क्रिएटिभ शहर नेटवर्कले 'साहित्यको सहर' नाम दिई भारतकै पहिलो यस्तो शहर बनाएको छ । युनेस्कोले मध्य प्रदेशको ग्वालियरलाई "सङ्गीतको शहर" घोषित गरेको छ । यो नाम यस शहरको लागि अत्यन्तै सम्मानजनक हो जहाँ विख्यात सङ्गीतकार तानसेनको जन्म भएको थियो र जहाँ सिन्धिया घरानाले सदियौंदेखि सङ्गीतको संरक्षण र प्रबद्र्धन गरिरहेका छन् ।

थप जानकारी...

# के तपाइलाई थाहा छ !

## गुजरातको धोर्डो गाउँलाई उत्कृष्ट पर्यटकीय गाउँको रुपमा सम्मान प्राप्त




संयुक्त राष्ट्र संघको विश्व पर्यटन संगठनले गुजरातको धोर्डो गाउँलाई उत्कृष्ट पर्यटकीय गाउँको उपाधि प्रदान गरेको छ । यो उपाधिले दिगो र जिम्मेवार पर्यटनमा यस गाउँले गरेको उदाहरणीय योगदानलाई प्रतिबिम्बित गरेको छ ।

थप जानकारी...